## १०. सिकाइ केन्द्रहरुले हरियो वन कार्यक्रमको उद्देश्य प्राप्तीमा के योगदान पुऱ्याउँछन् ?

समुदाय र समुदायमा आधारित संस्था तथा समूहहरूको सशक्तीकरणका माध्यमबाट जैविक विविधताको संरक्षण, दिगो भू-परिधि व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सुशासन प्रवर्धन, जीविकोपार्जन सुधार आदि विषयहरूमा स्थानीय सहजकर्ताहरूको लागि तयार गरिएको सन्दर्भ सामग्रीहरूमा आधारित भएर स्थानीय सहजकर्ताहरूले सिकाइ केन्द्रमा छलफल चलाउंछन् । तिनै छलफलका आधारमा सहभागीहरूले पहिचान गरेका सवालहरूमा आधारित सवालगत कार्ययोजना तयार गरिन्छन् । यी कार्ययोजनाहरूको कार्यान्वयनका क्रममा सहभागीहरूले समुदायका सदस्यहरूसँग मिलेर सामुहिक र संयुक्त सामाजिक अभियानहरू सञ्चालन गर्दछन् । यसले सहभागी तथा समुदायलाई सिकेका राम्रा कुराहरू तत्काल अभ्यासमा लैजान उत्प्रेरित गर्छ । जस्तै : वन व्यवस्थापन, वृक्षारोपण, वन गस्ती, चोरी शिकार नियन्त्रण, आगलागि नियन्त्रण, वन तथा सार्वजनिक क्षेत्र सरसफाइ, आदि सिकाइ केन्द्रले सञ्चालन गरेका अभियानका उदाहरणहरू हुन् । यसबाट हरियो वनको उद्देश्य र क्रियाकलापहरूमा आम सचेतीकरण गर्न समेत सहयोग पुग्दछ ।

## ११. सिकाइ केन्द्रलाई १६ हप्ता पछि निरन्तरता दिने रणनीति के छ ?

- ☞ सिकाइ केन्द्रको छलफलसँगै सदस्यहरू मध्येवाट नै अगुवाहरूको छनौट, परिचालन तथा क्षमता विकास
- ☞ सरोकारवालाहरूसँगको सम्बन्ध, समन्वय विस्तार तथा कार्यगत सम्बन्धको स्थापना
- ☞ सिकाइ केन्द्रहरूको प्रभावकारिता स्तरीकरण
- ☞ प्रभावकारी वा सक्रिय सिकाइ केन्द्रलाई मध्यम र कम प्रभावकारी सिकाइ केन्द्रहरूको परिचालनमा सङ्लग्न गराउने
- ☞ मिल्दोजुल्दो सवालहरू भएका सिकाइ केन्द्रहरूको बीचमा अन्तरक्रिया गरी योजनाबद्ध रुपमा अगाडि बढाउने कामहरूलाई जोड
- ☞ स्थानीय सहजकर्ताद्वारा सिकाइ केन्द्रका माग अनुसार सेवामा निरन्तरता
- ☞ कार्ययोजना कार्यान्वयनको निरन्तर प्रगति समीक्षा तथा पून: कार्यान्वयन

## १२. समुदायमा रहेका अन्य समूहहरूसँग सिकाइ केन्द्रको कस्तो सम्बन्ध रहन्छ ?

- ☞ समान सवाल र मुद्दाहरूमा ऐक्यवद्धता
- ☞ समान उद्देश्य भएका समूह संस्थाहरूसँगको कार्य सञ्जाल विस्तार तथा आवद्धता
- ☞ नागरिक सचेतना केन्द्र लगायत अन्य जनमूखी शिक्षा केन्द्रसँग सहकार्य
- ☞ महिला अधिकार समूह, सहकारी, चोरी सिकार नियन्त्रण समूह, आदिका क्रियाकलापमा जनपरिचालन
- ☞ शुक्ष्म जलाधार संरक्षण व्यवस्थापन योजना, गाविस योजना तर्जुमाहरूमा अर्थपूर्ण सहभागिता


© केयर नेपाल, हरियो वन कार्यक्रम

सामुदायिक सिकाई तथा कार्य केन्द्रका सहभागीहरू
वीरेन्द्र सामुदायिक वन उपभोक्ता समूह, बलियाँ, कैलाली


थप जानकारीको लागि
**हरियो वन कार्यक्रम, केएर नेपाल**
लेखनाथमार्ग, न्यूरोड, पोखरा
फोन नं ०६१-५२२२४२/५२२२४३
वेबसाइट: www.hariyoban.org
इमेल:hariyobanprogram@wwfnepal.org



*डिस्क्लेमर: यो सङ्क्षिप्त जानकारी पर्चा अमेरिकी जनताद्वारा अमेरिकी विकास नियोग (युएसएड) को माध्यमबाट प्रदान गरिएको उदार सहयोगबाट सम्भव भएको हो । यसमा उल्लेखित विषयवस्तु केएर नेपालको जिम्मेवारी हो र यसले युएसएड तथा अमेरिकी सरकारको धारणा प्रतिनिधित्व गरेको मानिने छैन ।*


# हरियो वन कार्यक्रम
## सामुदायिक सिकाइ तथा कार्य केन्द्र
## संक्षिप्त परिचय

*Hariyo Ban Number: Briefing paper 010*


© डब्लुडब्लुएफ नेपाल, हरियो वन कार्यक्रम

'हरियो वन नेपालको धन' भन्ने नेपाली उक्तिबाट 'हरियो वन कार्यक्रम' नामाकरण भएको हो । यसको उद्देश्य जलवायु परिवर्तनको प्रतिकूल प्रभावलाई न्यूनिकरण गर्नु र नेपालको जैविक विविधताको चुनौतीलाई कम गर्नु हो । यस उद्देश्य पूर्तिका लागि सरकार, समुदायहरू, नागरिक समाज र नीजि क्षेत्रसँगको सहकार्य आवश्यक छ । यस हरियो वन कार्यक्रमले विशेष गरी नेपालका स्थानीय समुदायहरूलाई देशमा विद्यमान स्रोतको सुरक्षा गर्ने र संरक्षण एवम् जीविकोपार्जनका उत्तम तरिका मार्फत् बदलिँदो जलवायुमा अनुकूलन गर्न सक्षम तुल्याउँछ । यसरी यस कार्यक्रमले जनता र जङ्गलबीच सम्बन्ध जोड्छ र नेपालका जनता र वन्य प्रकृति दुवैको हित गर्दछ । यस कार्यक्रमको मूल विषयमा तीन वटा अन्तनिर्हित सम्भागहरू छन् । ती सम्भागहरू हुन्- जैविक विविधताको संरक्षण, रेड प्लस लगायतका पारिस्थितिकीय सेवाको भुक्तानी र जलवायु परिवर्तन अनुकूलन । यी कुराहरू जीविकोपार्जनका माध्यम, सुशासन, लैङ्गिक तथा सामाजिक समावेशीकरणको गहिरो अन्तर सम्बन्धबाट सम्भव हुन्छन् । युएसएडद्वारा आर्थिक सहयोग प्रदान भएको हरियो वन कार्यक्रम डब्लुडब्लुएफ नेपालको प्रमुख साझेदारीमा केएर नेपाल, सामुदायिक वन उपभोक्ता महासंघ र राष्ट्रिय प्रकृति संरक्षण कोषको सहकार्यमा कार्यान्वयन गरिएको कार्यक्रम हो ।

USAID FROM THE AMERICAN PEOPLE · WWF · care · FECOFUN · NATIONAL TRUST FOR NATURE CONSERVATION

## १. सामुदायिक सिकाइ तथा कार्य केन्द्र के हो ?

यो एउटा यस्तो अनौपचारिक मञ्च वा थलो हो जहाँ समुदायका महिला, गरिब, पछाडि पारिएका तथा सिमान्तकृत वर्ग नियमितरुपमा जम्मा हुन्छन् । यस्तो भेलामा उनीहरूले आफू, समाज, देश र विश्व परिवेशलाई वुझ्न, विश्लेषण गर्न र उन्नत अवस्थातिर लैजान, शक्ति सम्वन्धको रुपान्तरण गर्न, सामाजिक फाइदाको पक्षमा समाजलाई फेर्दै लैजान, उत्पिडित व्यक्ति, लिङ्ग, जाति, जनजाति र वर्गको सशक्तीकरण गर्न, मानवीय व्यक्तिगत आचरण तथा सामाजिक संरचनालाई मानवीयकरण गर्दै लैजान, व्यक्तिगत, साङ्गठनिक, एवम् सामाजिक रुपान्तरण गर्न साथै प्रत्येकले आफूले जानेको कुरा अरुलाई सिकाउन. र सबैबाट आफूले पनि सिक्ने प्रक्रिया सञ्चालन गर्छन् ।

## २. सिकाइ केन्द्र कस्तो संस्था हो ?

सामुदायिक सिकाइ तथा कार्य केन्द्रहरू समुदायमा भएको अनौपचारिक समूह हो । यो वैधानिक रुपमा दर्ता गरिएको हुदैन ।

## ३. सिकाइ केन्द्रको उद्देश्य के हो ?

सिकाइ केन्द्रको प्रमूख उद्देश्य भनेको पिछडिएका वर्गहरूलाई सङ्गठित र सशक्त गराई सामाजिक रुपान्तरणमा उनीहरूको भूमिका खेल्न सक्ने अवस्थाको सिर्जना गर्नु हो । यसका साथै नागरिक हक, अधिकार र कर्तव्यका बारेमा सचेत भई जैविक विविधताको संरक्षण, दिगो भू-परिधि व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, सुशासन प्रवर्धन, जीविकोपार्जन सुधार, जनस्वास्थ्य, मनोसामाजिक स्वास्थ्यको सुधारमा पनि योगदान पुर्‍याउनु हो ।

## ४. सिकाइ केन्द्र कसरी छनौट हुन्छ ?

गा.वि.स स्तरको शक्ति नक्साङ्कनको आधारमा पहिचान भएका गरिबी र सङ्कटासन्न अवस्थामा रहेका समुदायको पहिचान गरी यस्ता केन्द्रहरू सञ्चालनको स्थान निर्धारण गरिन्छ । यसरी पहिचान भएका क्षेत्रहरू सेवा र सुविधाको पहुँचबाट वञ्चित भएका, सेवा प्रदायकहरूको ध्यान नपुगेका, जैविक विविधता माथि खतरा भएका, वन विनास र क्षयीकरण भएका र जलवायुजन्य जोखिमबाट प्रभावित भएका क्षेत्रहरू हुनेछन् ।

## ५. सिकाइ केन्द्रमा सहभागी कसरी छनौट हुन्छन् ?

छनौट भएका क्षेत्रहरूमा सम्पन्नता स्तरीकरण गरी पहिचान गरिएका अति गरिब र विपन्न परिवारका खासगरी महिला सदस्यहरूबाट नै सहभागीहरू छनौट गरिन्छ । यस्तो केन्द्रमा सामान्यतया २५ देखि ३० जना सदस्यहरू हुन्छन् ।

## ६. सिकाइ केन्द्रको सहजीकरण कसले गर्छ ?

सम्बन्धित समुदाय वा क्षेत्रबाट छनौट गरिएका र सामाजिक परिचालन तथा रुपान्तरण सम्बन्धी तालिम प्राप्त स्थानीय सहजकर्ताहरूले सामुदायिक सिकाइ तथा कार्य केन्द्रहरूको सहजीकरण गर्छन् ।

## ७. सहभागिहरुले सिकाइ केन्द्रमा के के गर्दछन् ?

यो केन्द्र विशेष गरी रिफ्लेक्ट[1] विधिमा आधारित हुने भएकाले यसमा सूचना र ज्ञान थोपर्ने होईन, विश्लेषण र खोजी गर्छन् । उत्पीडनको संरचनामा छिर्न होइन, त्यसलाई बुझ्न र फेर्न सिक्छन् । अन्याय, अधिकार निराशा होइन, आँट गर्ने आशा जगाउँछन् । शिक्षित बन्ने प्रक्रिया सँगसगैं सचेत, सबल, सङ्गठित र सशक्त बन्दै सामाजिक रुपान्तरणमा सरिक हुन्छन् ।

## ८. सिकाइ केन्द्रमा सहभागीहरुलाई के को आधारमा छलफल गराईन्छ ?

यो एउटा खुला सिकाइ केन्द्र भएकाले सहजीकरणमा कुनै औपचारिक पाठ्यपुस्तकहरू प्रयोग गरिदैन । सोको सहजीकरणका लागि सहजकर्ताले गरिबी, सामाजिक अन्याय र जोखिमताका अन्तर्निहित कारणहरूको विश्लेषणकालागि प्रयोग गरिने सहभागिमूलक औजारहरूको प्रयोगबाट प्राप्त सूचनाहरूको विश्लेषण गर्दै निश्कर्ष निकालिन्छ । छलफलको सन्दर्भमा आएका विषय तथा सवालहरूमाथि आधिकारिक धारणाको आवश्यकता परेमा सम्बन्धित सेवा प्रदायकहरूलाई बोलाई सहभागीहरूसँग छलफल गराईन्छ ।

*[1]. REFLECT - Regenerated Freirean Literacy Through Empowering Community Techniques. रिफ्लेक्ट विधि प्रौढ सिकाइको एउटा नयाँ अवधारणा हो जसमा पाउलो फ्रेरेको साक्षरताको सिद्धान्त र रवर्ट च्याम्बर को सहभागिमूलक ग्रामीण लेखाजोखालाई समिश्रण गरिएको छ । १९९३ बाट सुरु भएको यो अवधारणा नेपालमा एक्सन एड नेपालले १९९६ देखि अवलम्बन गरेको थियो ।*

## ९. सिकाइ केन्द्र कसरी सञ्चालन गरिन्छ ?

सिकाइ केन्द्र सञ्चालन प्रकृया निम्न ३ चरणहरूमा सञ्चालन गरिन्छ ।

**पूर्व तयारी:**

- ☞ केन्द्र सञ्चालन हुने स्थानको छनौट
- ☞ सिकाइ केन्द्रको सहभागीहरूको छनौट
- ☞ स्थानीय सहजकर्ताको छनौट र तालिम
- ☞ सिकाइ केन्द्र व्यवस्थापन समितिको व्यवस्था
- ☞ सिकाइ केन्द्र सञ्चालन स्थल, बार, समयको निर्धारण
- ☞ सिकाइ केन्द्र सञ्चालनको लागि आवश्यक सामग्री तथा स्रोत सामग्रीहरूको व्यवस्था

**सिकाइ केन्द्रको सञ्चालन:**

- ☞ सिकाइ केन्द्रको उद्देश्य, यसका क्रियाकलापहरू, विधि, प्रकृया, अपेक्षित उपलब्धीहरू आदिको बारेमा स्पष्ट गर्ने
- ☞ सुरुमा हरियो वन कार्यक्रमको बारेमा सहभागीहरूलाई जानकारी गराउने
- ☞ सिकाइ केन्द्र १६ हप्ता सम्म हप्ताको एक दिन कम्तीमा ४ घण्टा सञ्चालन[2] गर्ने
- ☞ साप्ताहिक छलफल गर्दा प्रत्येक हप्ता मुख्य रुपमा ४ पक्षमा जोड दिईन्छ जसमा क) साप्ताहिक समीक्षा र उपलब्धी आदान प्रदान ख) सहभागीमूलक विधि र औजारको प्रयोगवाट[3] विषयवस्तुमा छलफल, समस्या वा सवाल पहिचान ग) साप्ताहिक कार्ययोजना निर्माण घ) कार्ययोजना कार्यान्वयन ।

**सिकाइ केन्द्रको समीक्षा तथा पुनरावलोकन:**

- ☞ प्रत्येक महिनाको अन्तिम हप्तामा समुदायका सबै सदस्यहरू र त्यहाँ क्रियाशिल समूह तथा संस्थाहरूलाई सहभागी गराई अघिल्लो तीन हप्तासम्म केन्द्रमा भएका छलफल तथा पहिचान भएका समस्या वा सवालहरू र त्यसमा थालिएको प्रयासहरू र प्रगतिका बारेमा समीक्षा हुन्छ ।
- ☞ उक्त समीक्षाहरूको उपयुक्त तरिकाले अभिलेखीकरण गर्ने ।

*[2]. विस्तृत जानकारी सामुदायिक सिकाइ तथा कार्य केन्द्र निर्देशिकामा उल्लेख गरिएको छ ।*

*[3]. सामाजिक रुपान्तरण सहजीकरण पुस्तिका, केएर नेपाल, २०७० ।*